# बुटवल पावर कम्पनी लिमिटेड
## बुद्धनगर, वानेश्वर, काठमाण्डौ
## २३औं वार्षिक साधारण सभाको कार्यवाही तथा निर्णयहरु

**(क) पृष्ठभूमि:**

यस बुटवल पावर कम्पनी लिमिटेडको २३औं वार्षिक साधारण सभा मिति २०७२।०९।५ ( तदनुसार डिसेम्वर २०, २०१५) आईतवारका दिनको ११:०० बजे कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, वानेश्वर, काठमाण्डौमा संचालक समितिका अध्यक्ष श्री पद्म ज्योतिज्यूको अध्यक्षतामा वस्यो ।

संचालक समितिका अध्यक्ष, सदस्यहरु, शेयरधनीहरु, कम्पनीका पदाधिकारीहरु तथा आमन्त्रित सवै महानुभावहरुको आसन ग्रहण पश्चात् अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले २३ औं वार्षिक साधारण सभाको कार्यक्रम संचालन गर्नु भयो ।

**(१) सभा सम्बन्धी सूचना र प्रकाशन :**

२३ औं वार्षिक साधारण सभाको सूचना र छलफल हुने प्रस्तावहरुको सूची तथा कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त आर्थिक प्रतिवेदन शेयरधनीहरुको जानकारीको लागि मिति २०७२।८।९ र मिति २०७२।८।१० मा क्रमशः कारोवार राष्ट्रिय दैनिक तथा अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नुको साथै संक्षिप्त वार्षिक प्रतिवेदन उहाँहरुले कम्पनीमा उपलब्ध गराएको ठेगानामा पठाइएको थियो । सो सूचना, संक्षिप्त आर्थिक विवरणहरु तथा वार्षिक प्रतिवेदन शेयरधनीहरुको सुविधाको लागि कम्पनीको वेभ साईट www.bpc.com.np मा समेत हेर्न मिल्ने व्यवस्था गरिएको थियो ।

२३ औं वार्षिक साधारण सभाको सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र वोर्ड तथा नेपाल स्टक एक्सचेन्ज लि.मा समेत जानकारी गराइएको थियो ।

**(२) उपस्थिति :**

अ) **संचालक समिति:**

| | |
|---|---|
| १. श्री पद्म ज्योति | अध्यक्ष |
| २. श्री प्रदीप कुमार श्रेष्ठ | संचालक |
| ३. श्री राजिव राजभण्डारी | संचालक |
| ४. श्री विजय कृष्ण श्रेष्ठ | संचालक |
| ५. श्री ओम प्रकाश श्रेष्ठ | संचालक |
| ६. श्री श्याम किशोर यादव | संचालक |
| ७. श्री चण्डी प्रसाद श्रेष्ठ | संचालक |
| ८. श्री दिवाकर वैद्य | स्वतन्त्र संचालक |
| ९. श्री विजय वहादुर श्रेष्ठ | वैकल्पिक संचालक |
| १०. श्री हरि ब. बुढाथोकी | कम्पनी सचिव |

आ) **व्यवस्थापन:**

| | |
|---|---|
| १. श्री उत्तर कुमार श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री प्रतिक मान सिंह प्रधान | भाईस प्रेसिडेण्ट, व्यवसाय तथा आयोजना विकास |
| २. श्री राधेश्याम श्रेष्ठ | भाईस प्रेसिडेण्ट, वित्त |
| ३. श्री टीकाराम भट्ट | भाईस प्रेसिडेण्ट, कर्पोरेट |
| ४. श्री प्रकाश कुमार श्रेष्ठ | प्रमुख, उत्पादन |
| ५. श्री रत्न शाक्य | मुख्य प्रवन्धक, वित्त |

इ) **आमन्त्रित**

श्री चन्द्र प्रकाश देवकोटा, सहायक रजिष्ट्रार, कम्पनी रजिष्ट्रारको कार्यालय

ई) **शेयरधनीहरु:**

साधारण सभामा शेयर दाखिल खारेज बन्द हुँदाको मितिमा कायम कुल शेयरधनीहरु मध्ये १३६ जना (संस्थागत शेयरधनी तथा प्रतिनिधि समेत) शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

## (ख) गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व:

| विवरण | जम्मा संख्या | उपस्थिति संख्या | % उपस्थिति |
|---|---|---|---|
| कम्पनीको शेयर कित्ता | १६,७३२,२२७ कित्ता | १५,१९३,२२४ कित्ता | ९०.८० |
| कम्पनीको शेयरधनी | २,३३५ जना | १३६ जना | ५.८२ |

## (ग) सभाको वैधानिकता:

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ अनुसार साधारण सभा संचालन गर्नको लागि निर्दिष्ट गणपूरक संख्या पुगेको जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग्नु भयो । शेयरधनीहरुको सभाले कम्पनीको वार्षिक साधारण सभाका लागि गणपूरक संख्या पुगेको र सभा रितपूर्वक बोलाईएको ठहर गरी विधिवत् रुपमा साधारण सभाको कार्यवाही अगाडि बढाउने निर्णय गऱ्यो ।

कम्पनी सचिवले सभामा छलफल हुने प्रस्तावहरुको सूची शेयरधनीहरु समक्ष प्रस्तुत गर्नु भयो । छलफल तथा निर्णयार्थ सभामा प्रस्तुत सूचीलाई साधारण सभाले सर्वसम्मतिवाट स्वीकृत गऱ्यो र सोही अनुसार प्रस्तावहरु प्रस्तुत भई निर्णयहरु भए ।

## (घ) प्रस्तावहरु:

साधारण सभामा छलफल तथा निर्णयका लागि देहायका प्रस्तावहरु प्रस्तुत गरिएका थिए ।

(१) संचालक समितिको प्रतिवेदन प्रस्तुती र त्यस उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७१।०७२ को वित्तिय विवरणहरु (वित्तिय अवस्था, नाफा नोक्सान तथा नगद प्रवाहको विवरणहरु सहित संलग्न अनुसूची) उपर छलफल गरी पारित गर्ने ।

(३) लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व. २०७२।७३ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) संचालक समितिले सिफारिस गरे वमोजिम आ.व. २०७१।०७२ को मुनाफावाट चुक्ता पूंजीको २०% (वीस प्रतिशत) नगद लाभांश स्विकृत गर्ने ।

(५) विविध ।

## (ङ) सभाको संचालन तथा प्रतिवेदनको प्रस्तुतिः

अध्यक्ष श्री पद्‌म ज्योतिज्यूले संचालक समितिको वार्षिक प्रतिवेदन (आ.व. २०७१।०७२ को) साधारण सभा समक्ष प्रस्तुत गर्नु भयो । सो पश्चात् अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले संचालक समितिको प्रतिवेदन तथा कम्पनीको वित्तिय विवरण लगायतका विषयहरुमा छलफलको लागि शेयरधनीहरुलाई अनुरोध गर्नु भएको थियो । शेयरधनीहरु श्री राम गोपाल महर्जन, इन्द्र कृष्ण श्रेष्ठ तथा सितारामबानियाले छलफलमा भाग लिनु भएको थियो ।

छलफलमा सहभागी शेयरधनीहरुको राय, सुझाव र प्रतिकृयाहरु निम्न वमोजिम रहेको थियो ।

(१) कम्पनीले खर्च घटाउन तथा नाफामा बढोत्तरी गर्न सफल भई चुक्ता पूँजीको बीस प्रतिशत नगद लाभांश दिन सफल भएको प्रसंशा योग्य छ । यद्यपी, शेयरधनीहरुको चाहना पूँजी वजारको अवस्था समेतलाई मध्यनजर गरी नगद लाभांश मात्र नभएर बोनस शेयर समेत दिने तर्फ ध्यान दिन सके शेयरधनीहरुलाई थप उत्साह हुने थियो ।

(२) कम्पनीले उत्कृष्ट वार्षिक प्रतिवेदन प्रस्तुती एवार्ड, २०१४ प्राप्त गर्न सफल भएको छ । यसले शेयरधनीहरु तथा अन्य सरोकार सवैलाई कम्पनीले देखाएको पारदर्शिता प्रति आस्वस्थ पार्ने कार्य गरेको छ ।

(३) निर्माणको चरणमा प्रवेश गर्दै गरेका कावेली तथा न्यादी जलविद्युत आयोजनाको निर्माण सम्पन्न गर्ने योजना सम्वन्धमा अझ प्रष्ट हुनु पर्ने देखिएको छ ।

(४) बजारमा बीपीसीको कुनै एक आयोजना सरकारलाई हस्तान्तरण हुँदैछ भन्ने हल्ला चलेको छ । जसको कारण कम्पनीको शेयर कारोवारलाई नकारात्मक प्रभाव पर्न गएको देखिन्छ ।

(५) वित्तिय विवरणमा भ्रमण भत्ता खर्च बढेको देखिन्छ । यसलाई नियन्त्रण गर्ने तर्फ ध्यान दिनु आवश्यक छ ।

(६) कम्पनीको वित्तिय विवरणहरुलाई नेपाली भाषमा समेत प्रकाशित गर्न सके नेपाली भाषाको मात्र ज्ञान भएका शेयरधनीहरुलाई समेत सहज हुन जाने हुँदा यस तर्फ ध्यान दिनु उपयुक्त हुन्छ ।

(७) समग्रमा कम्पनीको कार्य संपादन राम्रो र सन्तोषजन छ र आगामी दिनमा पनि कम्पनीले अझ प्रगति हासिल गर्न सकोस् ।

शेयरधनीहरुले संचालक समितिको प्रतिवेदन तथा आ.व. २०७१।०७२ को आर्थिक विवरण उपर आफ्नो राय, प्रतिकृया तथा सुझावहरु राख्ने कार्य सम्पन्न भए पछि शेयरधनीले उठाएका जिज्ञासाहरु उपर संचालक समितिको तर्फवाट भनाई राखिदिन कम्पनी सचिवले अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

अध्यक्षज्यूले शेयरधनीहरुको आफ्ना व्यस्तताका वावजुद समय मिलाएर साधारण सभामा सक्रिय सहभागिता जनाई संचालक समितिको प्रतिवेदन तथा कम्पनीको वित्तिय विवरणहरु उपर आफ्ना भनाई तथा सुझावहरु दिनु भएकोमा उहाँहरुलाई धन्यवाद दिनुभयो ।

अध्यक्षज्यूले तथा उहाँको अनुमति लिएर प्रमुख कार्यकारी अधिकृतले शेयरधनीहरुका सुझाव तथा जिज्ञासाहरुका सम्वन्धमा निम्न अनुसार स्पष्ट पार्नु भएको थियो:

(१) जलविद्युत कम्पनीहरुमा गरिने लगानी दिर्घकालिन प्रकृतिको हुन्छ । सोही अनुरुप शेयरधनीहरुको दिर्घकालिन हितलाई ध्यानमा राखी कार्यसंपादन गर्नु संचालक समितिले आफ्नो कर्तव्य ठानेको छ । शेयरधनीहरुको दिर्घकालिन हितलाई संरक्षण तथा प्रवर्द्धन गर्नका लागि लाभांश नीतिको स्थिरता अर्को महत्वपूर्ण पक्ष हो । कम्पनीले संचालनमा ल्याएका विद्युत आयोजनाहरुको अवस्था तथा निर्माणको क्रममा रहेका आयोजनाहरुको आवश्यकता समेतलाई मध्य नजर गर्दै आवश्यकता अनुसार कम्पनीले आफ्नो पूँजीको दायरालाई फराकिलो पार्दै जानेछ । शेयरधनीहरुलाई बोनस शेयर दिएर, हकप्रद शेयर जारी गरेर वा नयाँ निष्काशन गरी वा अन्य उपयुक्त साधनहरुको प्रयोग गरी कम्पनीको पूँजीको दायरालाई फराकिलो पार्ने भन्ने सम्वन्धमा उपयुक्त समय संचालक समितिले कम्पनीको हितमा उपयुक्त निर्णय लिनेछ ।

(२) जहाँ सम्म बीपीसीको कुनै आयोजना सरकारलाई हस्तान्तरण गर्न लागिएको भन्ने हल्ला बास्तविक होइन । यद्यपी, जलविद्युत आयोजनाहरु नेपाल सरकारवाट अनुमतिपत्र प्राप्त गरी निर्माण गरिने र अनुमतिपत्रको शर्त वमोजिम निश्चित अवधी समाप्ती पश्चात् नेपाल सरकारमा हस्तान्तरण गर्नु पर्ने वास्तविकतालाई सबैले मनन गर्नु पर्दछ । कम्पनीकै प्रत्यक्ष स्वामित्वमा संचालनमा रहेका झिमरुक तथा आँधिखोला विद्युत गृहहरुको अनुमतिपत्रको अवधी अझै २९ वर्ष बाँकी छ र उक्त गृहरुहरुवाट उत्पादित विद्युतको खरिद बिक्रीको सम्झौता समेत सम्पन्न भई कार्यन्वयनमा छ । त्यस्तै यस कम्पनीको समेत शेयर रहेको खिम्ती प्रथम जलविद्युत आयोजना उपरको स्वामित्वको पचास प्रतिशत हिस्सा नेपाल विद्युत प्राधिकरणलाई हस्तान्तरण हुनेछ । यो कार्यको लागि अझै ५/६ वर्षको अवधी बाँकी छ र सन् २०१९ को अन्त्य सम्म कावेली ए तथा न्यादी जलविद्युत आयोजनाहरुको निर्माण सम्पन्न भईसक्ने योजना रहेको हुँदा त्यसवाट खिम्ती आयोजना उपरको स्वामित्वको पचास प्रतिशत हिस्सा हस्तान्तरणवाट हुन जाने कमीलाई पूर्ति हुनेछ ।

(३) आँधिखोला क्षमता बृद्धि आयोजनालाई छिटो भन्दा छिटो सम्पन्न गर्नका लागि कम्पनीका कर्मचारी तथा विज्ञहरुको आयोजनामा भएको भ्रमणको क्रम बढ्न गएको कारण कम्पनीको भ्रमण खर्च बढ्न गएको देखिन्छ । तर, चालु वर्षमा भ्रमण खर्चमा निश्चित्रुपमा कमी आउने छ ।

(४) कम्पनीको वित्तिय विवरणहरु मध्ये वित्तिय अवस्था, नाफा नोक्सानको हिसाव तथा नगद प्रवाहको विवरणहरु नेपाली भाषामा तयार गरिएको संक्षिप्त वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ । यसलाई अझ प्रभाकारी बनाउन सकिन्छ कि भन्ने सम्बन्धमा आगामी वर्षमा ध्यान दिइनेछ ।

शेयरधनीहरुवाट उठाइएका जिज्ञासा तथा प्रश्नहरुका सम्वन्धमा अध्यक्षज्यूवाट स्पष्ट पार्ने कार्य सकिएपछि अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले साधारण सभाको विषयसूचीमा उल्लेख भए वमोजिम प्रस्तावहरु निर्णयार्थ सभामा पेश गर्नु भयो ।

## (च) निर्णयहरु:

(१) साधारण सभा समक्ष प्रस्तुत आ.व. २०७१।०७२ को संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने सर्वसम्मतिवाट निर्णय भयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७१।०७२ को वित्तिय विवरणहरु (वित्तिय अवस्था, नाफा नोक्सान तथा नगद प्रवाहको विवरणहरु सहित संलग्न अनुसूची) पारित गर्ने सर्वसम्मतिले निर्णय भयो ।

(३) लेखापरीक्षण समितिको सिफारिस वमोजिम बी.आर.एस. न्यौपाने एण्ड कम्पनीलाई कम्पनीको आ.व. २०७२।०७३ को वित्तिय लेखापरीक्षण, कर लेखापरीक्षण तथा कम्पनी ऐन, २०६३ अनुसार आवश्यक पर्ने प्रमाणिकरण कार्य गर्नका लागि कम्पनीको लेखापरीक्षकमा नियुक्त गर्ने र सो कार्यको लागि निजको सेवा शूल्क रु ३,२५,०००.०० (तीन लाख पच्चिस हजार रुपैयाँ) मुल्य अभिवृद्धि कर, वाह्य भत्ता तथा यातायात खर्च बाहेक (Excluding of VAT, out-station allowance and travel expenses) निर्धारण गर्ने सर्वसम्मतिले निर्णय भयो ।

(४) संचालक समितिको सिफारिस वमोजिम २३औं वार्षिक साधारण सभाको निमित्त शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अघिल्लो दिनमा कायम शेयरधनीहरुलाई आ.व. २०७१।०७२ को आर्थिक विवरणमा व्यवस्था गरिए बमोजिम चुक्ता पूंजीको २० (बीस) प्रतिशत नगद लाभांश कानून वमोजिम कर कट्टी गरी वितरण गर्ने सर्वसम्मतिवाट निर्णय भयो ।

(५) विविध शिर्षक अर्न्तगत कुनै पनि प्रस्ताव नभएको हुँदा सो शिर्षक अर्न्तगत अन्य कुनै निर्णय भएन ।

**(छ) <u>सभा विसर्जन:</u>**

साधारण सभाको निर्धारित विषयसूची अनुसार छलफल तथा निर्णयहरु भएको हुँदा कम्पनी सचिवले २३औं वार्षिक साधारण सभा अन्त्य भएको घोषणा गर्दै सभा विसर्जनको लागि अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

अध्यक्षज्यूले कम्पनीको २३औं वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारु रुपमा सम्पन्न गर्न गराउन सहयोग पुऱ्याउने सबै शेयरधनीहरु, संचालक समितिका सहकर्मि सदस्यहरु, व्यवस्थापक तथा कर्मचारीहरु, शेयर रजिष्ट्रार, आमन्त्रित व्यक्तित्वहरु, मिडिया तथा कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्ने अन्य सम्वद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो । अध्यक्षज्यूले शेयरधनीहरुले संचालक समिति प्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्दै २३औं वार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नु भयो । साधारण सभा दिनको १२.३० वजे विसर्जन भएको थियो ।

(हरि ब. बुढाथोकी)
कम्पनी सचिव

(पद्म ज्योति)
अध्यक्ष